मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन ६ गते बुधबार ❑ 22 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको समता कर हट्यो

**रासस**
काठमाडौं, ५ साउन

सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता कर हटाएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत उक्त व्यवस्था कार्यान्वयन गर्दा आममानिसले थप खर्च र निराशा भोग्नु पर्ने देखिएको उल्लेख गर्दै अहिलेका लागि समता कर हटाइएको उल्लेख गर्नुभएको छ । प्रधानमन्त्री शाहले अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क लागु नगर्ने निर्णय गरिएको बताउनुभयो ।

"यो सरकार जनताको विश्वास र अपेक्षाबाट बनेको जनमुखी सरकार हो । हाम्रो मुख्य उद्देश्य सुशासन कायम गर्दै सबै नागरिकलाई गुणस्तरीय जीवनको अनुभूति गराउनु हो," प्रधानमन्त्री शाहले भन्नुभएको छ । तीन प्रतिशत समता कर ल्याउनुको उद्देश्य दुर्गम र पछाडि परेका क्षेत्रका नागरिकलाई राम्रो शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउनु, दलित, सिमान्तकृत तथा विपन्न बालबालिकालाई सहयोग गर्नु, स्वास्थ्य बीमा विस्तार गर्नु र त्यसका लागि आवश्यक आर्थिक स्रोत जुटाउनु रहेको प्रधानमन्त्रीको भनाइ छ । उहाँले करको दायरा विस्तार गरेर अर्थतन्त्रलाई अझ व्यवस्थित बनाउने लक्ष्यसहित उक्त व्यवस्था ल्याइएको बताउनुभयो ।

उहाँले नागरिक तहमा समता देखिएको समता करप्रतिको प्रतिक्रियाले सरकारको गम्भीर ध्यानाकर्षण गरेको र नागरिकको माग सुन्दै अगाडि बढ्न तथा समतामूलक समाज निर्माण गर्न आफूहरुको प्रतिबद्धता अटल र स्पष्ट रहेको बताउनुभयो । "सरकारका सबै निर्णय नागरिकको हितलाई केन्द्रमा राखेर गरिएका छन् र गरिने छन् । कुनै निर्णयप्रति नागरिक असन्तुष्ट भएमा त्यसमा सुधार र परिमार्जन गर्न सरकार सधैं तयार रहनेछ", प्रधानमन्त्री शाहले भन्नुभयो, "विपन्न र गरिब नागरिकले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पाउन सकून् भन्ने उद्देश्यले निजी अस्पतालमा १० प्रतिशत शय्या र निजी क्याम्पस तथा विश्वविद्यालयमा १० प्रतिशत सिट पारदर्शी र न्यायोचित रूपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ।"

## पोखरा विमानस्थलको सटल बस सशुल्क रूपमा सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन




पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सञ्चालन हुँदै आएको निःशुल्क सटल बस सेवा ३ पहिना पश्चात यही साउनदेखि सशुल्क रुपमा संचालन भएको छ।

विमानस्थलदेखि अमर सिंहचोकसम्म सञ्चालन गरिएको निःशुल्क सटल बस सेवा असार मसान्तसम्मका लागि मात्रै संचालन भएसंगै पोखरा महानगरपालिका र पोखरा बस सेवा प्रा.लि. बीच भएको सहमतिअनुसार साउन १ गतेदेखि उक्त सेवा सशुल्क रूपमा सञ्चालन भइरहेको महानगरले जनाएको छ। हाल विमानस्थलबाट दुईवटा ननस्टप सटल बस नियमित रूपमा सञ्चालनमा रहेको पोखराका मेयर धनराज आचार्यले बताउनु भयो । उक्त बस सेवा बन्द भएको भन्ने समाचार र सामाजिक सञ्जालमा फैलिएका सूचनाप्रति पोखरा महानगरपालिकाले ध्यानाकर्षण भएको जनाएको छ । महानगरले निःशुल्क सेवा पूर्वनिर्धारित अवधिसम्म मात्रै सञ्चालन गरिएको र अहिले सोही सेवा सशुल्क रूपमा नियमित सञ्चालनमा रहेको स्पष्ट पारेको छ। पोखरा बस सेवा प्रालिका अध्यक्ष देउप्रसाद गुरुङका अनुसार एउटा बस विमानस्थल-विरौटा-फेवाताल (लेकसाइड) र अर्को विमानस्थल-पृथ्वीचोक-हल्लनचोक रुटमा सञ्चालन गरिएको छ। दुवै बसको भाडा प्रति यात्रु १०० रुपैयाँ कायम गरिएको उहाँले जानकारी दिनुभयो। अध्यक्ष गुरुङका अनुसार सशुल्क सेवा सुरु भए पनि अपेक्षाअनुसार यात्रु आकर्षित हुन सकेका छैनन् । उहाँले प्रचारप्रसारको अभावका कारण यात्रु स¤्या न्यून रहेको बताउँदै सोमबार एउटा बसबाट करिब १ हजार ६ सय रुपैयाँ र अर्कोबाट १ हजार २ सय रुपैयाँ मात्र आम्दानी भएको जानकारी दिनुभयो । "यदि यात्रु संख्या यस्तै न्यून रहिरह्यो भने सेवा दीगो रूपमा सञ्चालन गर्न कठिन हुन्छ । साउनको पहिलो पन्ध्र दिनको अवस्था हेरेर आगामी निर्णय गर्नुपर्ने अवस्था आउन सक्छ," उहाँले भन्नुभयो । महानगरपालिकाका अनुसार यस सेवाका लागि आयात गरिएका नयाँ विद्युतीय बसहरू नयाँ भन्सार तथा कर दर लागू भएका कारण हाल जाँचपास प्रक्रियामा छन् । ती बस सञ्चालनमा आउन केही समय लाग्ने भएकाले अहिलेका लागि पोखरा बस सेवासँग रहेका सुविधासम्पन्न बसमार्फत सेवा निरन्तर सञ्चालन गरिएको छ। यसअघि पोखरा महानगरपालिकाले महानगर यातायात प्रालि, कामना सेवा विकास बैंक र कृषि विकास बैंकसँगको सहकार्यमा विमानस्थलदेखि अमरसिंहचोकसम्म निःशुल्क सटल बस सेवा सञ्चालन गरेको थियो। त्यतिबेला नगर प्रमुख आचार्यले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गर्ने यात्रुलाई भरपर्दो, सहज र सुलभ सार्वजनिक यातायात उपलब्ध गराउने उद्देश्यले परीक्षणका रूपमा असार मसान्तसम्म निःशुल्क सेवा सञ्चालन गरिएको बताउनुभएको थियो । महानगरले पोखरालाई स्मार्ट सिटी र ग्रिन सिटी बनाउने अवधारणाअनुसार विद्युतीय सार्वजनिक यातायातलाई प्राथमिकता दिँदै विमानस्थलसँग शहरको सहज पहुँच विस्तार गर्ने लक्ष्य राखेको जनाएको छ। साथै, ट्याक्सीको महँगो भाडा र विशेषगरी रातिको समयमा यात्रुले भोग्दै आएको यातायात समस्यालाई समाधान गर्ने उद्देश्यले पनि सटल बस सेवा सञ्चालनमा ल्याइएको हो।

## नयाँ राजनीतिक समीकरण बन्न सक्ने सम्भावना : संयोजक दाहाल

**रासस**
काठमाडौं, ५ साउन

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पछिल्लो समय वामपन्थी शक्तिबीच सहकार्यको वातावरण बनेको बताउनुभएको छ।

ज न क प ु र ध ा म विमानस्थलमा मंगलबार साँझ सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्नुहुँदै संयोजक दाहालले आफ्नो पार्टी र नेकपा (एमाले)सँग सहकार्यको प्रक्रिया औपचारिक रूपमा अघि बढेको उल्लेख गर्नुभयो । तीन दलबीचको समझदारी अझै अन्तिम निष्कर्षमा नपुगेको बताउनुहुँदै संयोजक दाहालले प्रदेश सरकारको सत्ता साझेदारीका विषयमा नेपाली कांग्रेससँग पनि छलफल भइरहेको बताउनुभयो । नेकपाको मधेस प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा सहभागी हुन जनकपुरधाम आउनुभएका संयोजक दाहालले पार्टीको प्रशिक्षण र सङ्गठन सुदृढीकरणलाई प्राथमिकताका साथ अघि बढाइने उल्लेख गर्नुभयो । नेकपाको मधेस प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमलाई बुधबार साउन ६ गते पार्टीका संयोजक दाहाल, सहसंयोजक माधवकुमार नेपाल र वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

## ट्राफिक कारबाहीबाट डेढ करोड बढी राजस्व

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

गण्डकी प्रदेशमा गत असारमा ट्राफिक कारबाहीबाट रु एक करोड ६५ लाख १३ हजार राजस्व सङ्कलन भएको छ।

प्रदेशका ११ वटै जिल्लामा गरिएको प्रहरी चेकजाँचका क्रममा ट्राफिक नियम उल्लङ्घन गर्नेहरूबाट जरिवाना बापत उक्त रकम उठेको हो । गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक कृष्णप्रसाद कोइरालाले सोही अवधिमा १९ वटा सवारी दुर्घटना भएको जानकारी दिनुभयो । दुर्घटनामा परी २१ जनाले ज्यान गुमाए भने १८ जना घाइते भएका थिए। प्रहरीले असारमा प्रदेशका विभिन्न जिल्लाबाट ५४ थान भरुवा बन्दुक बरामद गरिएको जनाएको छ । सोही महिनामा ११६ जना फरार प्रतिवादीलाई पक्राउ गरिएको प्रहरी वरिष्ठ उपरीक्षक कोइरालाले बताउनुभयो । विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान नगरी फरार रहेका प्रदिवादीलाई कानुनी कारबाहीको दायरामा ल्याइएको हो। पक्राउ परेका प्रतिवादीलाई कैद सजाय र जरिवाना असुलका लागि प्रहरीले सम्बन्धित जिल्लाका अदालतमा बुझाएको थियो। प्रतिवादीबाट २९ वर्ष आठ महिना १७ दिन कैद र रु दुई करोड ५९ लाख आठ हजार ६३८ बिगो रकम असुल गरिएको छ।

## अन्नपूर्ण क्षेत्रमा एक सय ६९ देशका पर्यटकले गरे भ्रमण


**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन



गत आवमा एक सय ६९ देशका पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने विभिन्न गन्तव्यस्थलको भ्रमण गरेका छन् । सो अवधिमा पाँच लाख आठ हजार चार सय ७६ जना विदेशी पर्यटक यस क्षेत्रमा भित्रिएका हुन् ।

तीमध्ये दक्षिण एसियाली मुलुकका तीन लाख ८४ हजार एक सय ४५ र अन्य मुलुकका एक लाख २४ हजार तीन सय ३१ रहेका छन् । सबैभन्दा बढी तीन लाख ७५ हजार सात सय ९७ भारतीय पर्यटक यहाँ आएका हुन् । दोस्रोमा चिनियाँ १२ हजार पाँच सय ३९ र तेस्रोमा अमेरिकाका नौ हजार आठ सय ८४ पर्यटक यहाँ आएका हुन् । यस्तै बेलायतका नौ हजार आठ सय ५९, फ्रान्सका सात हजार नौ सय ३९, मलेसियाका सात हजार आठ सय ४८, जर्मनीका सात हजार छ सय ३४, बङ्गलादेशका सात हजार चार सय ४८, अष्ट्रेलियाका सात हजार ९५ र इजरायलका छ हजार तीन सय ९८ पर्यटक यस क्षेत्रमा भित्रिएका हुन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले आव २०८१/८२ को तुलनामा गत आवमा दोब्बर बढी विदेशी पर्यटक यहाँ आएको बताउनुभयो। उहाँका अनुसार आव २०८१/८२ मा दुई लाख ७८ हजार एक सय १३ जनाले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका दिए। पर्यटक आगमनमा गत आवमा नयाँ अभिलेख कायम भएको उहाँको भनाइ छ । गत जेठमा भारतसहित दक्षिण एसियाली देशका पर्यटकको सङ्ख्या झण्डै तीन सय प्रतिशतले वृद्धि भएको प्रमुख डा कडारियाले बताउनुभयो । भारतीय पर्यटक यति ठूलो सङ्ख्यामा आएका यो पहिलोपटक हो । भारतमा पोखरा, मुक्तिनाथलगायत यस क्षेत्रका गन्तव्यस्थलको प्रवर्द्धन हुनु, यातायातको सहजता, सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रसारलगायत कारणले भारतीय पर्यटक बढेका हुन् । उक्त याममा गर्मी छल्न भारतीय पर्यटक पोखरा र आसपासका गन्तव्यमा आउने गरेका छन् । वैशाख-जेठ महिनामा पर्यटकीय राजधानी पोखरामा होटलको 'अकुपेन्सी' ९० प्रतिशतसम्म पुगेको थियो । पोखरा आउने भारतीय पर्यटकमध्ये करिब ४० प्रतिशत मुक्तिनाथ जाने गरेको प्रमुख डा कडरियाले बताउनुभयो । पदयात्रा पर्यटनका लागि अन्नपूर्ण क्षेत्र विश्व प्रसिद्ध गन्तव्य मानिन्छ ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा हरित विद्यालयसम्बन्धी प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, ५ साउन

प्रधानाध्यापकहरूको पेसागत क्षमता अभिवृद्धि तथा विद्यालयमा दिगो विकास र वातावरणीय शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले प्रिन्सिपल एशोसिएसन अफ नेपालको समन्वयमा युनेस्को र काठमाडौं विश्वविद्यालयको सहकार्यमा पोखरामा चारदिने हरित विद्यालयसम्बन्धी प्रादेशिक तालिम सम्पन्न भएको छ।

गण्डकी प्रदेशका विभिन्न विद्यालयबाट १५ जना प्रधानाध्यापक र १५ जना हरित विद्यालय 'फोकल' शिक्षक गरी ३० जना सहभागी रहेको उक्त तालिममा विद्यालयलाई वातावरणमैत्री, दिगो र जलवायु-उत्तरदायी बनाउने अवधारणा, नीति, कार्यढाँचा तथा व्यवहारिक पक्षबारे विस्तृत छलफल गरिएको थियो। तालिममा नेपाल सरकार तथा युनेस्कोका सम्बन्धित मार्गदर्शक दस्तावेजहरूको अध्ययन र प्रयोगका विषयमा अभिमुखीकरण गरिएको थियो।

कार्यक्रममा जलवायु परिवर्तन, जैविक विविधता संरक्षण, पारिस्थितिकीय प्रणाली, जलवायु न्याय, विपद् तथा उत्थानशीलता, दिगो जीवनशैली, परिपत्र अर्थतन्त्र जस्ता विषयलाई विद्यालय शिक्षासँग कसरी एकीकृत गर्ने भन्ने विषयमा छलफल भएको थियो। साथै, विभिन्न विषयका पाठ्यवस्तुसँग हरित विद्यालय अवधारणालाई अन्तरसम्बन्धित गर्दै विद्यार्थीकेन्द्रित, परियोजनामा आधारित तथा व्यवहारमुखी सिकाइलाई प्रवर्द्धन गर्ने उपायहरू प्रस्तुत गरिएको थियो। तालिममा हरित विद्यालयसम्बन्धी पाठयोजना निर्माण रहेको थियो। सहभागीहरूले विभिन्न विषयमा वातावरणीय तथा दिगोपनका अवधारणालाई समेटेर अन्तरविषयगत पाठयोजना तयार गर्ने अभ्यास गरेका थिए। कास्कीको भद्रकाली माध्यमिक विद्यालय, कुडहरमा ती पाठयोजनाका आधारमा प्रदर्शन कक्षा सञ्चालन गरिएको थियो भने प्रदर्शन कक्षाको काठमाडौं विश्वविद्यालयका प्राध्यापकहरू तथा युनेस्कोका प्रतिनिधिहरूले अवलोकन गरी सहभागीहरूलाई रचनात्मक सुझाव र पृष्ठपोषण प्रदान गरेका थिए। तालिमका सहजीकरण काठमाडौं विश्वविद्यालयका प्राध्यापकहरू, युनेस्कोका प्रतिनिधिहरू तथा प्रिन्सिपल एशोसिएसन अफ नेपालका पदाधिकारीले गरेका थिए। कार्यक्रममा एशोसिएसनका केन्द्रीय अध्यक्ष सुदाम गौतमले विद्यालय नेतृत्वले हरित, दिगो र जलवायुमैत्री विद्यालय निर्माणमा निर्वाह गर्नुपर्ने भूमिकाबारे प्रकाश पार्नुभएको थियो।

गण्डकी प्रदेशबाट सुरु भएको कार्यक्रमलाई सात वटै प्रदेशका १०० भन्दा धेरै विद्यालयका प्रधानाध्यापक र 'फोकल' शिक्षकलाई तालिम दिने र बर्सेनि यो सङ्ख्या वृद्धि गर्दै लैजाने रहेको जानकारी दिनुभएको थियो। त्यसैगरी शिक्षा विकास तथा समन्वय एकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले सहभागी शिक्षकहरूलाई शुभकामना व्यक्त गर्दै तालिमबाट प्राप्त ज्ञान र सीपलाई विद्यालयमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गर्नुभएको थियो।

तालिमको समापनसँगै सहभागीहरूलाई आफ्ना विद्यालयमा हरित विद्यालय अवधारणाको कार्यान्वयनसम्बन्धी विद्यालय-आधारित कार्य सञ्चालन गर्ने जिम्मेवारी दिइएको छ। तोकिएका कार्यहरू सफलतापूर्वक सम्पन्न गरी प्रतिवेदन पेस गरेपछि सहभागीहरूलाई काठमाडौं विश्वविद्यालयबाट शैक्षिक क्रेडिट प्रदान गरिने आयोजकले जनाएको छ।

आयोजकका अनुसार यस तालिमले विद्यालय नेतृत्व र शिक्षकहरूलाई हरित विद्यालयको अवधारणालाई विद्यालय व्यवस्थापन, शिक्षण-सिकाइ प्रक्रिया, सहपाठ्य क्रियाकलाप तथा समुदायसँगको सहकार्य मा प्रभावकारी रूपमा समावेश गर्न आवश्यक ज्ञान, सीप र व्यवहारिक अनुभव प्रदान गरेको छ। यसबाट नेपालका विद्यालयहरूलाई दिगो विकासका लक्ष्यअनुरूप वातावरणमैत्री र जलवायुमैत्री शिक्षण संस्थाका रूपमा विकास गर्न थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

# अमेरिकी दर्ताको हल्का चार्टर विमान पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, ५ साउन

अमेरिकी दर्ताको हल्का चार्टर विमान मंगलबार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको छ। बैंकक र ढाका हुँदै पोखरा आएको उक्त विमानले यहाँ इन्धन भरेर चालक दलको विश्रामपछि बुधबार पाकिस्तानको लाहोरतर्फ उडान भर्ने तालिका रहेको पोखरा अन्तर ष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ।

अमेरिकी दर्ता नम्बर एन-५५५-भीजी भएको सिरस एसआर-२२ विमान बैंककबाट ढाका हुँदै पोखरा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख जगन्नाथ निरौलाले बताउनु भयो। विमानमा चालक दलका दुई सदस्य बाहेक अन्य यात्रु नरहेको समेत उहाँले जानकारी दिनुभयो। नियमित व्यावसायिक उडान नभई चार्टर उडानका रूपमा सञ्चालन गरिएको निरौलाले जनाउनु भयो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलकी सूचना अधिकारी तथा प्रवक्ता जसोदा अधिकारी सुवेदीले सानो आकारको विमान भएकाले लामो दूरीको उडानमा इन्धन व्यवस्थापनका लागि विभिन्न देशमा ट्रान्जिट गर्दै यात्रा गर्नुपर्ने भएकोले नेपालको पोखरामा उक्त विमान आएको बताउनु भयो। "यो विमान मुख्य रूपमा रिफ्युलिङका लागि पोखरा अवतरण गरेको हो। सानो विमान भएकाले एकै पटक लामो दूरी पार गर्न सम्भव हुँदैन, त्यसैले विभिन्न मुलुकमा इन्धन भर्दै गन्तव्यतर्फ अघि बढ्ने योजना अनुसार पोखरा आएको हो," उहाँले भन्नुभयो।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले सीएएन-एफपी-६६३/२०२६ नम्बरबाट उक्त उडानका लागि अनुमति दिएको छ। अनुमति पत्रमा यसलाई चार्टर उडानका रूपमा उल्लेख गरिएको छ। विमान ओएसी एभिएसन प्रालिमार्फत सञ्चालन गरिएको हो। यसको अधिकतम उडान तौल एक हजार ५४२ किलोग्राम रहेको छ भने उडानको नेतृत्व क्याप्टेन याङ कुआङ यिङले गरिरहनुभएको छ। सिरस एसआर-२२ एकल इन्जिनयुक्त हल्का विमान भएको बताइन्छ।

यस्ता विमान निजी यात्रा, व्यावसायिक चार्टर, हवाई निरीक्षण, व्यवसायिक भ्रमण तथा विशेष प्रयोजनका उडानमा व्यापक रूपमा प्रयोग गरिन्छ।

यसअघि पनि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय चार्टर तथा निजी विमानहरूले प्राविधिक अवतरण र इन्धन भर्ने उद्देश्यले सेवा लिँदै आएका छन्। पछिल्लो समय यस्ता ट्रान्जिट उडान बढ्दै जानुले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई क्षेत्रीय र अन्तर ष्ट्रिय हवाई मार्गमा प्राविधिक अवतरण केन्द्रका रूपमा प्रयोग गर्ने सम्भावना विस्तार हुँदै गएको देखिएको छ।

# कास्कीमा बिहान आठ बजेदेखि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा

पोखरापत्र संवाददाता
पोखरा, ५ साउन

जिल्ला प्रशासन कार्यालय, कास्कीले सेवाग्राहीको चाप बढेपछि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा बिहान आठ बजेदेखि नै सुरु गर्ने भएको छ।

बुधबारदेखि लागु हुने गरी उक्त सेवा प्रवाहका लागि समय थप गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो।

सेवाग्राहीले सार्वजनिक बिदाका दिनबाहेक हरेक बिहान आठ बजेदेखि नै राष्ट्रिय परिचयपत्रसम्बन्धी प्राप्त गर्ने उहाँले बताउनुभयो। राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा प्रदान गर्न प्रयोग हुने 'सफ्टवेयर अपग्रेड' हुने क्रममा रहेकाले उक्त सेवा सुस्त हुने र कहिले अवरुद्धसमेत हुने समस्या देखिँदै आएको कार्यालयले जनाएको छ। जसका कारण समयमा सेवा प्रवाह हुन नसकी कार्यालयमा सेवाग्राहीको चाप बढ्दै गएको हो। कार्यालयले मङ्गलबार सार्वजनिक सूचनामार्फत विगतमा तस्बिर खिचाएर बायोमेट्रिक दिनुभएका सेवाग्राहीलाई राष्ट्रिय परिचय आएकोबारे मोबाइलमा सन्देश आएपछि मात्र कार्यालयमा आउन आग्रह गरेको छ। राष्ट्रिय परिचयपत्र वितरणका लागि कार्यालयले जारी गर्ने आधिकारिक सूचना हेरेर मात्र कार्यालयमा आउन सेवाग्राहीलाई अनुरोध गरिएको हो।

# शिक्षा सुधारमा निजी क्षेत्रको सहकार्य अपरिहार्य : शिक्षामन्त्री पोखरेल

रासस
काठमाडौं, ५ साउन

सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शिक्षा क्षेत्रको नीतिगत तथा संरचनागत सुधारका लागि निजी क्षेत्रसँगको सहकार्यलाई थप सुदृढ बनाइने बताउनुभएको छ।

मङ्गलबार सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (एन-प्याब्सन), निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान), एसोसिएसन अफ प्रि-स्कुल एजुकेटर्स नेपाल (एपिइएन)लगायत निजी विद्यालयसँग सम्बन्धित विभिन्न संघ-संस्थाका पदाधिकारी तथा प्रतिनिधिसँग भएको छलफलमा मन्त्री पोखरेलले यस्तो धारणा व्यक्त गर्नुभएको हो। छलफलमा विद्यालय शिक्षाको वर्तमान अवस्था, निजी विद्यालयले भोगिरहेका चुनौती, गुणस्तरीय शिक्षा प्रवर्द्धन, नीतिगत सुधार, विद्यालय शिक्षा ऐन तथा शिक्षा क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा विस्तृत कुराकानी भएको थियो। मन्त्री पोखरेलले शिक्षा क्षेत्रको नीतिगत र संरचनागत सुधारलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्दै नीति निर्माण तथा निर्णय प्रक्रियामा निजी क्षेत्रका सरोकारवालाको सहभागिता सुनिश्चित गरिने बताउनुभयो। सरकार र निजी क्षेत्रबीच समन्वय तथा सहकार्यलाई अझ प्रभावकारी बनाउँदै शिक्षा सुधारका कार्यक्रम अघि बढाइने उहाँको भनाइ थियो। "हामी निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्न सकारात्मक छौं। सरकारका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निजी क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहनेछ," मन्त्री पोखरेलले भन्नुभयो। उहाँले विद्यालय शिक्षा ऐनलाई दीगो, व्यवहारिक र दीर्घकालीन बनाउने उद्देश्यका साथ निजी क्षेत्रसँग निरन्तर परामर्श र सहकार्य गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

साथै शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रस्ताव गरिएको ३ प्रतिशत समता शुल्क हटाउने विषयमा आफूले सुरुदेखि नै पहल गरेको उल्लेख गर्दै सरकारको पछिल्लो निर्णयले शिक्षा क्षेत्रलाई राहत पुगेको बताउनुभयो।

मन्त्री पोखरेलले छात्रवृत्ति वितरण प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक सुधारका काम अघि बढाइरहेको जानकारी पनि दिनुभयो। शिक्षा मन्त्रालयका सल्लाहकार शैलेन्द्र भाले शिक्षा क्षेत्रको नीति, योजना र कार्यान्वयनमा निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने सरकारको प्रतिबद्धता दोहोर्याउनुभयो। उहाँले विद्यालय शिक्षा ऐन शीघ्र ल्याउन आवश्यक रहेको उल्लेख गर्दै त्यसका लागि निजी क्षेत्रको रचनात्मक सहयोग आवश्यक पर्ने बताउनुभयो। छलफलमा सहभागी निजी विद्यालयका प्रतिनिधिहरूले शिक्षा क्षेत्रका नीतिगत विषयमा सरकारसँग प्रत्यक्ष संवाद गर्ने अवसर मिलेकोमा खुसी व्यक्त गर्दै यस्ता छलफललाई नियमित बनाउन आग्रह गरे। उनीहरूले शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रस्ताव गरिएको ३ प्रतिशत समता शुल्क हटाउने सरकारको निर्णयको स्वागत गर्दै शिक्षा क्षेत्रको सुधारका लागि सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएका थिए। मन्त्रालयका अनुसार पछिल्लो समय शिक्षामन्त्री पोखरेलले शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवाला निकाय, शैक्षिक संस्था तथा प्रतिनिधिसँग निरन्तर संवाद गर्दै उनीहरूका सुझावका आधारमा नीतिगत सुधार र आवश्यक समन्वयलाई तीव्रता दिँदै आउनुभएको छ।

# विगत दश वर्षमा सत्ता र शक्तिका लागि गलत अभ्यास भए : सभापति थापा

रासस
काठमाडौं, ५ साउन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले विगत १० वर्षमा सत्ता र शक्तिका लागि गलत अभ्यास भएको बताउनुभएको छ।

कांग्रेसका महामन्त्री गुरुराज घिमिरेका कृतिहरू 'बुद्ध, बिपी र आजका नेता र लिलिपुटका लघुमानव' पुस्तकको सार्वजनिकीकरण कार्यक्रममा उहाँले त्यो समयमा नेपालको राजनीतिकमा तानातान र सत्ता र शक्तिको लागि गलत ढङ्गको अभ्यास भएको दाबी गर्नुभयो।

"त्यो दशकमा सत्ता र शक्ति प्राप्त गर्नका लागि जुनसुकै काम पनि तिलाञ्जली दिने काम भयो," उहाँले भन्नुभयो, "विगतको कालोदिनलाई बिर्सेर नयाँ बाटोबाट अघि बढ्नुपर्ने बेला आएको छ।" सभापति थापाले नेपाली कांग्रेस जुन मूल्यमान्यता र सिद्धान्त अनुसार नै अघि बढ्ने बताउनुभयो।

"कुनै बेला गणेशमानज्यूले लौरो लिएर सडकमा उत्रिँदा सबै काठमाडौँवासी जुरुक्क उठ्ने गर्नुहुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले कांग्रेस समय सान्दर्भिक पार्टी भएकाले फेरि जुर्मुराउने आशासहित अघि बढ्नका लागि आह्वान गर्दछु।" कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले राजनीतिक प्रतिकूलतामा पुस्तक ल्याउने आँट गरेर लेखक घिमिरेले सह्रानीय कार्य गरेको बताउनुभयो। उहाँले बुद्ध र बिपी कोइरालाले त्याग गरेकाले सबैको मनमनमा बस्न सफल भएको बताउनुभयो। कांग्रेसका उपसभापति पुष्पा भुसालले बुद्ध र बिपीका दर्शनलाई व्यावहारिक जीवनमा उतार्नुपर्ने बताउनुभयो।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्वे राजनीतिमा विनम्रता र साहित्यमा अराजकतालाई समन्वय गरेर अघि बढेको खण्डमा सफल लेखक हुन सकिने बताउनुभयो। बाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले साहित्यले मुलुक र जनतालाई जोड्नुपर्ने बताउनुभयो। राजनीतिक विश्लेषक शङ्कर तिवारीले बुद्ध, बिपी र आजका नेता पुस्तकको समीक्षा गर्नुभएको थियो। पत्रकार राजकुमार बानियाँले 'लिलिपुटका लघु मानव' को विषयमा समीक्षा गर्नुभएको थियो। कांग्रेसका महामन्त्री गुरुराज घिमिरे प्रतिकूल अवस्थामा आफूले लेखन कार्यलाई निरन्तरता दिँदै आइरहेको बताउनुभयो। यसै गरी नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले चालु आर्थिक वर्षदेखि शिक्षा र स्वास्थ्यमा लगाइएको ३ प्रतिशत समता कर हटाउने सरकारको निर्णय स्वागतयोग्य भएको बताउनुभएको छ।

मंगलबार सामाजिक सञ्जालमार्फत सभापति थापाले यो व्यवस्था अनुपयुक्त भएको कुरा आफूहरुले प्रारम्भबाट नै उठाउँदै आएको उल्लेख गर्दै शिक्षा र स्वास्थ्य विलासिता नभएको बताउनुभएको छ। "निजी अस्पताल र विद्यालय रोज्ने सबै नागरिक सम्पन्न हुँदैनन्, धेरैका लागि त्यो कुनै विलासिता होइन, बाध्यता हो", उहाँले भन्नुभएको छ, "निजी क्षेत्र पनि देशको शिक्षा र स्वास्थ्य प्रणालीको अभिन्न साझेदार हो, सेवा प्रवाहमै अतिरिक्त शुल्क वा करको भार थप्ने नीतिले कहिल्यै पनि समस्याको समाधान गर्दैन।"

प्रमुख प्रतिपक्ष दल कांग्रेसका सभापति थापाले समता कर हटाउने सरकारको निर्णयलाई कार्यान्वयनमा लैजान आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पनि रीतपूर्वक हुनुपर्ने धारणा राख्नुभयो।

## अन्नपूर्ण ...

अन्नपूर्ण चक्रीय पदमार्ग भएर पर्यटक अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोराङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायत गन्तव्यस्थल पुग्ने गरेका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ। सात हजार छ सय वर्गकिलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले प्रसिद्ध छ। अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएका छन्। आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, आतिथ्यता र सेवा सुविधाका हिसाबले यस क्षेत्र घुमफिरका लागि उत्कृष्ट मानिन्छ।




कास्कीमा बिहान आठ बजेदेखि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा

पोखरापत्र संवाददाता
पोखरा, ५ साउन

जिल्ला प्रशासन कार्यालय, कास्कीले सेवाग्राहीको चाप बढेपछि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा बिहान आठ बजेदेखि नै सुरु गर्ने भएको छ।

बुधबारदेखि लागु हुने गरी उक्त सेवा प्रवाहका लागि समय थप गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो।

सेवाग्राहीले सार्वजनिक बिदाका दिनबाहेक हरेक बिहान आठ बजेदेखि नै राष्ट्रिय परिचयपत्रसम्बन्धी प्राप्त गर्ने उहाँले बताउनुभयो। राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा प्रदान गर्न प्रयोग हुने 'सफ्टवेयर अपग्रेड' हुने क्रममा रहेकाले उक्त सेवा सुस्त हुने र कहिले अवरुद्धसमेत हुने समस्या देखिँदै आएको कार्यालयले जनाएको छ। जसका कारण समयमा सेवा प्रवाह हुन नसकी कार्यालयमा सेवाग्राहीको चाप बढ्दै गएको हो। कार्यालयले मङ्गलबार सार्वजनिक सूचनामार्फत विगतमा तस्बिर खिचाएर बायोमेट्रिक दिनुभएका सेवाग्राहीलाई राष्ट्रिय परिचय आएकोबारे मोबाइलमा सन्देश आएपछि मात्र कार्यालयमा आउन आग्रह गरेको छ। राष्ट्रिय परिचयपत्र वितरणका लागि कार्यालयले जारी गर्ने आधिकारिक सूचना हेरेर मात्र कार्यालयमा आउन सेवाग्राहीलाई अनुरोध गरिएको हो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# शिक्षा र स्वास्थ्यको प्रतिगामी समता कर फिर्ता

स्वास्थ्य र शिक्षाजस्तो आधारभूत क्षेत्रमा लगाइएको ३ प्रतिशत 'समता कर' अन्ततः चौतर्फी विरोधपछि सरकारले फिर्ता लिएको छ । सरकारले लासमा पनि कर, बिरामीलाई कर, पाइलै पिच्छे कर लगाएपछि नागरिक तहमा चर्को विरोधको सामना गर्नु परेको थियो । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा समता शुल्क लागु गर्दा आमनागरिकले थप आर्थिक भार र निराशा बेहोर्नुपर्ने देखिएपछि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँगको परामर्शमा उक्त निर्णय गरिएको सामाजिक संजालमा फेस्बुकमा लेखेका छन् ।

सरकारले समता कर ल्याउँदा दुर्गम र पछाडि परेका क्षेत्रका नागरिकलाई गुणस्तरीय शिक्षा-स्वास्थ्य सेवा उपलब्ध गराउने, विपन्न र दलित समुदायका बालबालिकालाई सहयोग गर्ने, स्वास्थ्य बीमा विस्तार गर्ने तथा त्यसका लागि आवश्यक स्रोत जुटाउने उद्देश्य रहेको दाबी गरेको थियो । तर, व्यवहारमा यो करको भार अस्पताल वा शैक्षिक संस्थाले होइन, प्रत्यक्ष रूपमा सेवा लिन पुगेका बिरामी र विद्यार्थीमाथि पर्ने देखिएपछि यसको व्यापक आलोचना भयो ।

प्रधानमन्त्री बालेनले नागरिकको असन्तुष्टि स्वीकार गर्दै कुनै पनि निर्णय नागरिकको हितविपरीत देखिए सुधार गर्न सधैं तयार रहने बताएका छन् । साथै, विपन्न नागरिकले गुणस्तरीय सेवा पाउन निजी अस्पतालमा १० प्रतिशत बेड र निजी क्याम्पस तथा विश्वविद्यालयमा १० प्रतिशत सिट पारदर्शी रूपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् ।

सरकारले अस्पताललाई स्वास्थ्य सेवा दिने संस्थाभन्दा पनि कर संकलन गर्ने माध्यम बनाएको थियो । उपचार खोज्दै अस्पताल पुगेका बिरामीले रोगको पीडासँगै करको अतिरिक्त बोझ पनि बोक्नुपर्ने अवस्था सिर्जना भएको थियो । 'स्वास्थ्य समता शुल्क' भन्ने आकर्षक नाम दिइए पनि व्यवहारमा यो शुल्क स्वास्थ्यमा समता ल्याउनेभन्दा पनि बिरामीमाथि अतिरिक्त आर्थिक भार थोपर्ने नीतिका रूपमा देखियो । सरकारी अस्पतालमा बेड अभाव, लामो पालो, उपकरण र विशेषज्ञ चिकित्सकको कमीका कारण हजारौं बिरामी बाध्य भएर निजी अस्पताल पुगिरहेका छन् ।

स्वास्थ्य मन्त्रालयकै तथ्यांकअनुसार विशिष्टीकृत स्वास्थ्य सेवाको करिब ५५ प्रतिशत सेवा निजी स्वास्थ्य संस्थाले दिइरहेका छन् । अर्थात् सरकारले पर्याप्त सेवा दिन नसकेको ठाउँमा निजी अस्पताल नागरिकको अन्तिम विकल्प बनेका छन् । तर, त्यही बाध्यतालाई सरकारले राजस्व संकलनको माध्यम बनाएको भन्दै आलोचना भएको थियो । सरकारले स्वास्थ्य संस्थाको अपेक्षा विपरीत थियो । ढिलै भए पनि जनमतको कदर गरेर कर फिर्ताको फेस्बुकबाट लेखेका छन । जनताको ठलो हिसाब सत्तको विपक्षमा उभिएर सदनमा गरेको विरोधले सार्थकता पाएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।

# तीन लाख ८१ हजार जनाले भरतपुर आँखा अस्पतालबाट लिए सेवा

**रासस**
भरतपुर, ५ साउन

नेपाल नेत्रज्योति सङ्घ चितवनद्वारा सञ्चालित भरतपुर आँखा अस्पताल र मातहतका अस्पताल तथा केन्द्रबाट गत आर्थिक वर्ष २०८२/०८३ मा तीन लाख ८१ हजार २६ जनाले स्वास्थ्य सेवा लिएका छन् ।

अस्पतालका सूचना अधिकारी रमेश घिमिरेका अनुसार त्यसअवधिमा भरतपुर आँखा अस्पतालबाट एक लाख ७९ हजार २६, उकालोको सिटि क्लिनिकबाट १९ हजार ५३८ तथा अन्य सबै खालका शिविरबाट ४२ हजार २७० जनाले आँखा परीक्षणसहित विभिन्न सेवा लिएका हुन् । त्यस्तै, विद्यालयमा सञ्चालित शिविरबाट ४६ हजार ८५ जना विद्यार्थी लाभान्वित भए । यस्तै दुईवटा सेकेण्डरी आँखा अस्पतालमा २७ हजार ३५७ जना, दुईवटा सर्जिकल आई केयर सेन्टरमा नौ हजार ४६४ र १९ वटा आँखा उपचार केन्द्रबाट ५७ हजार २८६ जनाले सेवा लिएका छन् । त्यो अघिल्लो आवको तुलनामा १६ प्रतिशत बढी हो । अघिल्लो आवको तुलनामा विद्यालयको शिविरमा ६० प्रतिशतभन्दा बढीको आँखा परीक्षण गरिएको छ । घिमिरेका अनुसार अघिल्लो आवमा २८ हजार ७६४ जना विद्यार्थीको मात्र आँखा परीक्षण गरिएको थियो । सेकेण्डेरी आँखा अस्पतालबाहेक सबैमा अघिल्लो वर्षको तुलनामा धेरै बिरामीलाई सेवा दिइको छ ।

गत आवमा ११ हजार ६३९ जनाको आँखाको शल्यक्रिया गरिएको छ । अघिल्लो आवमा ११ हजार ३२३ जनाको आँखाको शल्यक्रिया गरिएको थियो । नेपाल नेत्रज्योति सङ्घ चितवनका सभापति जयराम श्रेष्ठ आँखा उपचारमा भरतपुर आँखा अस्पतालले दिएको विशिष्टिकृत सेवाका कारण बिरामीको आकर्षण वढेको बताउनुहुन्छ । गुणस्तरीय सेवा दिनेमा अस्पताल टिम लागि परेको उहाँको भनाइ छ ।

# यात्रुवाहक बस दुर्घटना हुँदा १५ जना घाइते

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ साउन

तनहुँको व्यास नगरपालिका-७ स्थित कलेस्ती पुलमा आज यात्रुवाहक बस दुर्घटना हुँदा १५ जना घाइते भएका छन् ।

घाइतेमध्ये चालकको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार अपराह्न ३:१५ बजे कलेस्तीबाट दमौलीतर्फ आउँदै गरेको ग१ख ६४६५ नम्बरको बस चालकले नियन्त्रण गुमाउँदा कलेस्ती खोलाको पुलमा ठोक्किएर दुर्घटना भएको हो । दुर्घटनामा चालक शम्सेर नेपाली चालक सिटमै च्यापिएर गम्भीर घाइते भएका थिए । सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय तनहुँबाट प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेको कमाण्डमा प्रहरी प्रहरी टोली घटनास्थल पुगेको थियो ।

घिमिरेका अनुसार उद्धार टोलीले बसभित्र च्यापिएका चालकलाई सकुशल बाहिर निकालेर उपचारका लागि रत्नहरि अस्पताल पठाइएको छ । चालकको अवस्था गम्भीर रहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार बसमा २५ जना यात्रु सवार रहेका थिए ।

घाइते हुनेमा व्यास-४ निवासी ६० वर्षीया श्रीमाया परियार, लमजुङको मध्यनेपाल-१ निवासी ३५ वर्षीया शान्ता गौतम, मध्यनेपाल-४ निवासी ३२ वर्षीया निरा गौतम, २९ वर्षीया सुस्मिता साही, व्यास-११ थुम्की निवासी ६० वर्षीया चन्द्रमाया गुरुङ, व्यास-२ निवासी ४७ वर्षीया अनिता गुरुङ, ४९ वर्षीया बिन्दु गुरुङ, कास्की रूपा गाउँपालिका-१ निवासी ५० वर्षीया स्वस्तिकला खनाल, व्यास-६ निवासी २७ वर्षीया सुजिता पौडेल, व्यास-१ निवासी ८ वर्षीया सान्भि गिरी, ४० वर्षीया दिपा खान, ५१ वर्षीया सिता नेपाली, ३५ वर्षीया हिरा मल्ल र ४४ वर्षीया नुनिमाया थापा रहेको प्रहरीले जनाएको छ ।

# ढोरपाटन आवातजावतमा सास्ती

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

यहाँका स्थानीय तथा यहाँ आउने पर्यटकले ढोरपाटन आवातजावतमा सास्ती भोग्नुपरेको छ ।

फल्लेघरदेखिदेउरालीसम्मको तीन किमी सडक अस्तव्यस्त बनेकाले आवातजावतमा सास्ती व्यहोर्नुपरेको ढोरपाटन-९ का वडाध्यक्ष खिमबहादुर घर्तीले बताउनुभयो । निर्माण कम्पनीले बर्खायाममा सडक विस्तारको काम सुरु गरेपछि समस्या निम्तिएको हो ।

"पानी पर्नासाथ पहिरा खस्ने, सडक हिलाम्मे भएर यातायात अवरुद्ध हुने गरेको छ, वर्षायामभरि यो समस्या रहिरहने देखिएको छ", वडाध्यक्ष घर्तीले भन्नुभयो, "यो बेलामा सडक खन्ने काम नै गलत भयो, हामीले भन्दाभन्दै पनि निर्माण कम्पनीले बेवास्ता गर्दा यो समस्या आएको हो ।" बुर्तिबाङदेखि फल्लेघरसम्म २८ किमी सडक ग्राभेल भए पनि ढोरपाटन उपत्यका जोड्ने बाँकी तीन किमी खण्ड जीर्ण र अस्तव्यस्त छ ।

विसं २०६६ देखि निर्माण सुरु भएको सालझण्डी-ढोरपाटनअन्तर्गत बागलुङ खण्डको काम सुस्त गतिमा भइरहेको छ । समयमा सडक नबन्दा हरेक बर्खायाममा ढोरपाटनको यातायात सेवा प्रभावित हुने गरेको हो । ढोरपाटनका पर्यटन व्यवसायी शिवराज कँडेलले पर्यटकको चहलपहल हुने मुख्य याममै सडक बिग्रँदा व्यवसायीहरु चिन्तित रहेको बताउनुभयो । "सडकले धेरै समस्या पारेको छ, यही कारणले गत वर्षभन्दा अहिले कम पर्यटक आइरहेका छन्", उहाँले भन्नुभयो, "सडक, सञ्चारलगायतको असुविधाका कारण ढोरपाटनको पर्यटनलाई असर पुऱ्याइरहेको छ, यसमा सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।" पछिल्लो समय पर्यटकले मनसुन पदयात्राका लागि ढोरपाटन क्षेत्रलाई रोज्ने गरेका छन् ।

यहाँको उच्च पहाडी भेगका पाटन र खर्कमा फुल्ने बुकीफूल, भैंडीगोठ, लेकाली जनजीवन, वर्षात्मा हरियै देखिने डाँडापाखा आदि नियाल्न पर्यटकहरू यो याममा ढोरपाटन पुग्ने गर्छन् ।



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिकावडानं१३निवासी भारतीय भु.पु.सै.नं 5344968 का नायक चन्द्र बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्र नं ४६-०१-७५-०२२९७ जारी मिति २०७५/०३/१३ मा नामथर बुद्धिमाया गुरुङ र जन्ममिति वि.सं २०१९।११।०७ (ई.सं १९६३/०२/१९) उल्लेख भएको र निजको पतिको सैनिक अभिलेखमा श्रीमतीको नामथर बुद्धि माया र जन्ममिति ई.सं १९६३/०७/३१ (वि.सं २०२०/०४/१६) उल्लेख भाई फरक परेको हुदाँ माथि उल्लेखित दुवै नामथर जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि कास्की जिल्ला पोखरा महानगरपालिका, १३ नं वडा कार्यालयको च.न.७८९ मिति २०७६/०६/२७ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९ निवासी भारतीय भु.पु.सै.नं. ३०००५८२ आर.एफ.एन. का देउकाजी गुरुङको छोरी बविता गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा जन्म मिति वि.स. २०५०।०४।२० तदानुसार ई.सं. १९९३-०८-०४ भएको र पेन्सन अभिलेखमा जन्म मिति ई.सं. १९९१-०८-०६ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं. १३, मिति २०८३।०४।०४ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन न. ५९७००५७, पो.ब.न. २५९७९

### हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Pli 1610007639 | सिर्जना के.सी. | मोदी-७, पर्वत |
| २ | Gli 0003245 | अमिषा पराजुली | पोखरा-२, कास्की |

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९ निवासी भारतीय भु.पु.सै.नं. ३०००५८२ आर.एफ.एन. का देउकाजी गुरुङको छोरा प्रकास गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा जन्म मिति वि.सं. २०५१।०२।१० तदानुसार ई.सं. १९९४-०५-२४ भएको र पेन्सन अभिलेखमा जन्म मिति ई.सं. १९९४-०७-१९ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं. १४, मिति २०८३।०४।०४ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ११ निवासी भारतीय भु.पु.सै.नं. ५३४२३०७ का हवल्दार खम प्रसाद पुनको श्रीमती तिलमाया तिलिजा पुनको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर तिलमाया तिलिजा पुन जन्म मिति वि.सं. २०२०।०४।२४ तदानुसार ई.सं. १९६३-०८-०८ रहेको र भारतीय सैनिक अभिलेखमा नामथर तिलमाया मगर्नी, जन्म मिति ई.सं. १९६३-०८-१० तदानुसार वि.सं.२०२०।०४।२६ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ११ नं. वडा कार्यालयको च.नं. ३२७३ मिति २०८३।०३।२७ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९ निवासी भारतीय भु.पु.सै.नं. ३०००५८२ आर.एफ.एन. का देउकाजी गुरुङको श्रीमती उमादेवी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा जन्म मिति वि.सं. २०२८।०४।१० तदानुसार ई.सं. १९७१-०७-२६ भएको र पेन्सन अभिलेखमा जन्म मिति ई.सं. १९७१-०६-१९ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं. १२, मिति २०८३।०४।०४ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

# डा पाण्डेको साधाना स्वतन्त्रता, अधिकार र नागरिक आन्दोलनमा थियो : राष्ट्रपति

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

राष्ट्रपति रामचन्द्र पौडेलले नागरिक आन्दोलनका अगुवा डा देवेन्द्रराज पाण्डेको निधनमा दुःख व्यक्त गर्दै समवेदना व्यक्त गर्नुभएको छ।

उहाँले मंगलबजार पठाउनुभएको समवेदना सन्देशमास्व पाण्डेको साधाना मुख्यतः स्वतन्त्रता, अधिकार र नागरिक आन्दोलनमा रहेको उल्लेख गर्नुभएको छ। उहाँले नेपालमा लोकतन्त्र स्थापना र पुनर्स्थापना तथा विभिन्न सङ्घर्ष र आन्दोलनहरूमा नागरिक अगुवाका रूपमा पाण्डेले निर्वाह गर्नुभएको नेतृत्वदायी भूमिका सदा स्मरणीय रहिरहने बताउनुभएको छ।



राष्ट्रपति पौडेलले २०३६ सालको जनमत संग्रहभन्दा केही महिनाअघि सरकारको सचिव पदबाट राजीनामा दिएर पाण्डेले नेपालको लोकतान्त्रिक आन्दोलनका नागरिक अगुवाका रूपमा २०४६ सालदेखि २०६२/६३ सालको आन्दोलनमा दिनुभएको नेतृत्वदायि भूमिका आफ्नो मानसपटलमा अझै ताजा रहिरहेको उल्लेख गर्नुभएको छ। समवेदना सन्देशमा राष्ट्रपति पौडेलले भन्नुभएको छ- “२०३६ साल यताको करिब साँढे ४ दशक अवधिमा उहाँको जुन भूमिका र योगदान रह्यो, त्यसले आफ्नो क्षेत्र र धारबाट राष्ट्र निर्माणमा योगदानकर्ता मानक व्यक्तित्वका रूपमा भावि पुस्ताले स्मरण गरिरहनेछन् भन्ने मलाई लागेको छ। उहाँको निष्ठा, आचरण र नैतिक जीवनले नेपाली समाजलाई सबै आलोकित गरिरहने मैले विश्वास लिएको छु।”

राष्ट्रपति पौडेलले पाण्डेको निधनले नेपालको लोकतान्त्रिक आन्दोलनमा अपुरणीय क्षति पुग्नुका साथै मुलुकले निर्भिक र सत्यको पक्षपाती निष्ठावान लोकतन्त्रवादी नागरिक अगुवा गुमाएको बताउनुभएको छ।

राष्ट्रपति पौडेलको समवेदना सन्देश उहाँका प्रेस सल्लाहकार किरण पोखरेल तथा प्रमुख स्वकिय सचिव अवज्ञा पौडेलले पाण्डेको निवास विशालनगर पुगेर हस्तान्तरण गर्नुभएको थियो। क्यान्सरबाट पिडित पाण्डेको यही साउन १ गते शुक्रबार आफ्नै निवास विशालनगरमा निधन भएको थियो।

# देशभर सात राजमार्ग पूर्ण र १२ राजमार्ग आंशिक प्रभावित

**रासस**
काठमाडौं, ५ साउन

लगातारको वर्षापछि आएको बाढी र पहिरोका कारण देशभर सात प्रमुख राजमार्ग पूर्ण रूपमा तथा १२ राजमार्ग आंशिक रूपमा प्रभावित भएका छन्।

सडक विभागले अवरुद्ध भएका सडकखण्डमध्ये ५१ वटा सडक मर्मतपछि पुनः सञ्चालनमा आइसकेका छन् भने बाँकी सडक खुलाउने काम तीव्र रूपमा भइरहेको जनाएको छ। विभागका प्रवक्ता श्यामबहादुर खड्काले पहिरोका कारण अवरुद्ध सडक खुलाउन सम्बन्धित स्थानमा डोजर, एक्साभेटर, लोडरलगायत उपकरण परिचालन गरी मर्मत तथा पहिरो पन्छाउने कार्यलाई तीव्रता दिइएको जानकारी दिनुभयो। उहाँले यात्रुहरूलाई यात्राअघि सम्बन्धित निकायबाट सडकको पछिल्लो अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न आग्रह गर्नुभयो।

नेपाल प्रहरीका अनुसार ललितपुरस्थित कान्तिलोकपथ, इलामको मेची राजमार्ग, खोटाङको दिक्तेल-भोजपुर सडकखण्ड, सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ जुरिखोला (तातोपानी जाने बाटो) तथा भोटेकोशी-२ कोदारीस्थित अरनिको राजमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध छन्।

यस्तै भोजपुर नगरपालिका-५ बोखिमस्थित मध्यपहाडी लोकमार्ग र रसुवाको पासाङल्हामु सडकखण्ड एकतर्फी सञ्चालनमा रहेका छन्। काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई मध्यनजर गर्दै रातिको समयमा सवारी आवागमन रोकिएको छ।

उक्त सडकमा बिहान ४:०० देखि साँझ ६:०० बजेसम्म भने अवस्थाअनुसार सवारी सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

त्यसैगरी, मकवानपुरस्थित कान्तिलोकपथमा पनि सम्भावित बाढी तथा पहिरोको जोखिमका कारण रातिको समयमा सवारी सञ्चालनमा रोक लगाइएको नेपाल प्रहरीले जनाएको छ। सडक विभागले मनसुन अवधिभर जोखिमयुक्त सडकमा निरन्तर निगरानी गरिरहेको र अवरुद्ध सडक यथाशीघ्र सञ्चालनमा ल्याउन आवश्यक जनशक्ति तथा उपकरण तयारी अवस्थामा राखिएको जनाएको छ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २७ निवासी भारतीय भु.पु.सै.नं. ५०४२५०१W का हवल्दार लाल बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर लिला देवी गुरुङ, जन्म मिति वि.सं. २०१७।०६।०२ तदानुसार ई.सं. १९६०-०९-१७ भएको र पेन्सन अभिलेखमा नामथर LILA DEVI, जन्म मिति ई.सं. १९६१-०३-२२ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २७ नं. वडा कार्यालयको च.नं. ५२१५ मिति २०८३।०३।२५ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



तनहुँ जिल्ला साविक थप्रेक गा.वि.स. वडा नं.८ हाल शुक्लागण्डकी नगरपालिका वडा नं. १ बस्ने भारतीय भु.पु.सै.नं. ५४४९७०९ दर्जा नायक पल्टन २/५ जि आर का कृष्ण बहादुर गुरूङको श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकताको ( ना.प्र.नं. ५२२) मा नामथर भिमकला गुरूङ र जन्म मिति वि.स.२०२२।६।१४ रहेको तर भारतीय सैनिक अभिलेखमा नामथर भिम माया गुरूङ र जन्ममिति सन् १९६५ भई फरक फरक नामथर र जन्ममिति भए पनि व्यक्ति एउटै भएको भनि शुक्लागण्डकी नगरपालिका, १ नं. वडा कार्यालयको च.नं. १७, मिति २०७६।०४।०९ गतेको सिफारिसबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं २९ निवासी भारतीय भु.पु. सैनिक नं 5040539F 2/1 GR Rank हबल्दार गिरी प्रसाद थापाको श्रीमतिले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर सिता देवी सुनार र जन्ममिति २०१४/०३/१५ (1957-06-28 A.D.) र निजको श्रीमानको पेन्सन अभिलेखमा श्रीमतिको नामथर सिता देवी थापा, जन्ममिति २०१६/११/२७ (1960-03-10 A.D.) उल्लेख भई फरक परेतापनि उल्लेखित फरक फरक नामथर गरेको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि पोखरा महानगरपालिका २९ नं वडा कार्यालय, कास्कीको च.नं. १८ मिति २०८३/०४/०४ गतेको सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २३ निवासी भारतीय भु.पु. सै.नं. JC194749P, टि.स.नं. 154307, SUB/H/CAPT का डम्बर बहादुर गुरुङको श्रीमती कुस्मा देवी गुरुङ्गको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर कुस्मा देवी गुरुङ जन्म मिति वि.सं. २०१२।०३।०४ तदानुसार ई.सं. १९५५-०६-१८ भएको र पेन्सन अभिलेखमा नामथर कुस्मा कुमारी गुरुङ्ग, जन्म मिति ई.सं. १९५७-०२-०४ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २३ नं. वडा कार्यालयको च.नं. १७, मिति २०८३।०४।०४ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङजा पुतलीबजार नगरपालिका वडा नं ८ निवासी भारतीय भु.पु. सैनिक 5345178W 2/4 GR का प्रेम बहादुर गुरुङको श्रीमती ना.प्र.प.नं ४११८७ की गनेश कुमारी गुरुङको नेपाली नागरिकताको प्रमाण पत्रमा जन्म मिति वि.सं २०१६/०६/१२ उल्लेख भएको तर निजको पतिको सैनिक अभिलेखमा निजको जन्म मिति सन १९६१-०५-१० भई फरक फरक जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडाको च.नं. २ मिति २०८३/०४/०४ गतेको पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
कर्पोरेट कार्यालयः महालक्ष्मी-४, इमाडोल, ललितपुर, फोन नं.: ०१-५९१२७५२
Website : www.swmfi.com.np
को

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !

सूचना प्रकाशित मिति २०८३/०४/०६ गते

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको देहायका संस्थापक शेयरधनीले देहाय बमोजिमको संस्थापक शेयर बिक्री गर्न ईच्छुक भई वित्तीय संस्था समक्ष निवेदन दिनु भएको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरिद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त शेयर खरिद गर्न विद्यमान संस्थापक शेयरधनीहरुका लागि सूचना प्रकाशित गरिएकोमा विद्यमान संस्थापक शेयरधनीहरुबाट कुनै आवेदन नआएको हुँदा संस्थापक भन्दा बाहिर सर्वसाधारणहरुबाट उक्त शेयर खरिद गर्न इच्छुक सर्वसाधारणले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी ०४, ललितपुर वा शेयर रजिष्ट्रार, कुमारी क्यापिटल लिमिटेड काठमाडौं-१ नक्साल, नागपोखरी आईपुग्ने गरी आवेदन गर्नुहुन सूचित गराईएको छ। सो शेयरको बिक्री मूल्य बिक्रेताले तोके बमोजिम हुनेछ।

**तपसिल**

| क्र.सं. | शेयरधनीको नाम, ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|
| १. | गुडाखर सापकोटा<br>आँधिखोला-०२, स्याङ्जा | १२७४६ कित्ता<br>(बाह्र हजार सात सय छयालीस मात्र) |
| २. | इन्द्र बहादुर गोदार<br>पुतलीबजार-०५, स्याङ्जा | ७४९८ कित्ता<br>(सात हजार चार सय अन्ठानब्बे मात्र) |

## ऋणी सदस्य एवम् जमानतकर्तालाई अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८३/०४/०६ गते

यस संस्थाको विभिन्न कार्यालयबाट विभिन्न प्रयोजनको लागि ऋण सुविधा लिएर तोकिएको वा सम्झौता बमोजिमको समयावधिभित्र ऋणको साँवा व्याज नबुझाई ऋण सम्झौताका शर्तहरु उल्लङ्घन गर्नुहुने सम्पूर्ण ऋणी सदस्य तथा सम्बन्धित ऋण सिफारिस/धनजमानतकर्ता एवम् परिवारलाई यस संस्थाले पटकपटक विभिन्न माध्यमबाट ऋणको साँबा व्याज, हर्जाना यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन अनुरोध सहित फोन, एसएमएस एवम् ताकेता पत्र प्रेषित गर्दा समेत ऋणी सदस्यले कारोबार नियमित नगरेको र ऋणी सदस्यहरु संस्थाको सम्पर्कमा नै नआउनु भएकोले त्यस्ता सम्पूर्ण ऋणी सदस्य, जमानतकर्ताहरुलाई यही २०८३ साउन ३१ गते आइतबार भित्र संस्थामा सम्पर्क गरी ऋणको साँवा, व्याज, हर्जना चुक्ता भुक्तानी गर्न गराउन फोन एवम् अन्तिम ताकेता पत्र स्वरुप यो सूचना पुनः प्रेसित गरिएको व्यहोरा अनुरोध छ।

संस्थाको उक्त अनुरोधको बाबजुद पनि ऋणी सदस्य तथा जमानतकर्ता/सिफारिसकर्ता एवम् परिवारजनले ऋण नियमित गर्ने गराउने तर्फ कुनै चासो नदेखाएमा ऋणी सदस्य, परिवारजन एवम् धनजमानतकर्ताको नाउँमा संस्थामा रहेको शेयर एवम् बचतबाट ऋण मिलान गर्ने र सो पश्चात पनि ऋण असुली हुन नसकेमा त्यस्ता ऋणी तथा ऋण जमानतकर्ता सिफारिसकर्ता एवं परिवारवाट ऋण असुल उपर गर्न गराउन संस्थाले थप कानूनी प्रक्रिया अगाडि बढाउन लागेको व्यहोरा यसै पत्रसाथ जानकारी गराइन्छ।

अतः कानुनी कारबाहीको प्रक्रियाबाट ऋण असुल उपर गर्ने क्रममा संस्थाले ऋण तथा सम्बन्धित जमानतकर्ता सिफारिसकर्ताको फोटो सहितको तीन पुस्ते विवरण सामाजिक सञ्जाल र सार्वजनिक सञ्चार माध्यममा चरणबद्ध रुपमा प्रकाशन गर्ने गराउने र यसरी प्रकाशित विवरण जानकारीको लागि सम्पूण बैंक वित्तीय संस्था, स्थानीय निकाय एवम् अन्य प्रशासनिक निकायलाई समेत पठाईने व्यहोरा अग्रिम रुपमा जानकारी गराइन्छ। यसरी फोटो सहितको तीनपुस्ते विवरण सार्वजनिक रुपमा प्रकाशित गर्दा र त्यस्तो विवरण बैंक वित्तीय संस्था एवम् अन्य प्रशासनिक निकायमा पठाएको कारणले कुनै सदस्य, सिफारिस कर्ता/जमानतकर्ताको सामाजिक, नैतिक मान प्रतिष्ठा र विश्वसनियतामा आँच पुग्न गएमा सम्बन्धित व्यक्ति नै जिम्मे वार रहने व्यहोरा पनि यसै सूचना मार्फत अग्रिम रुपमा जानकारी गराउँदै हालसम्म संस्थामा तिर्न बुझाउन बाँकी रकम प्रथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउनु हुन अनुरोध छ।

**श्री अमरदिप बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा महानगरपालिका वडा नं. १६ अमरदिप, पोखरा, कास्की**
**फोन नं.: ०६१-४४४२३४**